# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं चैत २७ गते, २०६८ साल (संख्या ५०

## भाग ३

नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

### नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) (दोस्रो संशोधन) नियमहरु, २०६८

नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) (दोस्रो संशोधन) नियमहरु, २०६८" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ को नियम २ मा संशोधन :** नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ (यसपछि "मूल नियम" भनिएको) को नियम २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :–

"(ङ) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ ।"

३. **मूल नियमको नियम ११ मा संशोधन :** मूल नियमको नियम ११ को,-

(१) उपनियम (१) मा रहेका "नियमावलीको नियम ७५ को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २१ को उपदफा (१) को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरु र सोही उपनियमको प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "खण्ड (घ) बमोजिम" भन्ने शब्दहरुको सट्टा "खण्ड (छ) र (ज) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "नियमावलीको नियम ७५ को खण्ड (क) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २१ को उपदफा (१) को खण्ड (क) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **मूल नियमको नियम १२ मा संशोधन :** मूल नियमको नियम १२ को उपनियम (३) झिकिएको छ ।

५. **मूल नियमको नियम १४ मा संशोधन :** मूल नियमको नियम १४ को,-

(१) उपनियम (१) मा रहेका "नियमावलीको अनुसूची-१५ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "राजपत्रअनङ्कित कर्मचारीको हकमा नियमावलीको अनुसूची-१५ र राजपत्राङ्कित कर्मचारीको हकमा नियमावलीको अनुसूची-१५क. बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) पछि देहायको उपनियम (४) ) थपिएको छ:-

"(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायमा विशिष्ट श्रेणीको पद रिक्त रहेको अवस्थामा त्यस्तो निकायका राजपत्रांकित प्रथम श्रेणीका कर्मचारी तथा सो निकाय अन्तर्गतका विभागीय प्रमुखको सुपरिवेक्षक र पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिमा सम्बन्धित विशिष्ट श्रेणीको हैसियतले गर्ने काम सेवाभित्रका विशिष्ट श्रेणीका अधिकृतमध्ये प्रधान न्यायाधीशले तोकेको अधिकृतले गर्नेछ ।"

६. **मूल नियमको नियम १८ मा संशोधन :** मूल नियमको नियम १८ मा रहेका "वा अन्तर सेवा" भन्ने शब्दहरु झिकिएका छन् ।

७. **मूल नियमको नियम १९ मा संशोधन :** मूल नियमको नियम १९ को,–

(१) उपनियम (१) मा रहेका "नियमावलीको नियम ७५ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २१ बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) झिकिएको छ ।

८. **मूल नियमको नियम २० मा संशोधन:** मूल नियमको नियम २० मा रहेका "वा अन्तरसेवा प्रतिस्पर्धात्मक" भन्ने शब्दहरु झिकिएका छन् ।

९. **मूल नियमको नियम २१ मा संशोधन:** मूल नियमको नियम २१ को उपनियम (१) मा रहेका "वा अन्तर सेवा" भन्ने शब्दहरु झिकिएका छन् ।

१०. **मूल नियमको नियम २४ मा संशोधन:** मूल नियमको नियम २४ मा रहेका "सरुवा गर्दा " भन्ने शब्दहरु पछि "ऐनको परिच्छेद-४ र " भन्ने शब्दहरु थपिएका छन् ।

११. **मूल नियमको अनुसूचीमा संशोधन :** मूल नियमको,-

(१) अनुसूची-२ को खण्ड (घ) झिकिएको छ ।

(२) अनुसूची–४ को क्र.स.७ मा रहेका "नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा ७ को उपदफा (१६) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(३) अनुसूची- ६ को,-

(क) खण्ड (ऊ) को,–

(१) उपखण्ड (क) को प्रकरण ३ को सट्टा देहायको प्रकरण ३ राखिएको छ :-

"३. कानून तथा न्याय मन्त्रालय र न्याय सेवा तालीम केन्द्रको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद\को कार्यालयको सचिव (कानून) र अन्य निकायमा कार्यरत कर्मचारीको लागि सम्बन्धित निकायको विभागीय प्रमुख -सदस्य"

(२) उपखण्ड (ख) को प्रकरण २ को सट्टा देहायको प्रकरण २ राखिएको छ :-

"२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) –सदस्य"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।